# वालविवाह सम्बन्धि सचेतना कार्यक्रम
# प्रतिवेदन

**प्रतिविद्न पेश गरिएको**

जिल्ला समन्वय समितिको कार्यालय
मानभवन, ललितपुर

**प्रतिविद्न पेश गर्ने संस्था**

आदिवासी जनजाति महिला युवा संजाल
ललितपुर

# प्रतिवेदन

## परिचया

नेपाल विकासौन्मुख राष्ट्र हो । यहाँको शैक्षिक अवस्था सामान्य रुपमा ७० प्रतिशत भन्दा माथि साक्षर देखाएता पनि वास्तविक शैक्षिक अवस्था र गुणस्तर कम रहेको छ । साथै नेपालमा २०७२ वैशाखमा आएको भूकम्पले हालसम्म पनि पिडित समुदायहरुमा व्यवस्थापन हुन सकेको छैन । यसको साथै समुदायहरुमा परम्परागत आस्थाको कारण समुदायहरुमा वालविवाह प्रचलन रहीनै रहेको छ । जसको परिणाम समुदायहरुमा सानो उमेरमा सन्तान हुने, महिलाहरुमा शारिरीक असर पर्ने, अकालमा ज्यान जाने आदि भइरहेको छ । नेपालमा मातृ मृत्युदर धेरै हुनुको कारण पनि वालविवाह नै हो । यसको प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा असर समाजमा तथा राष्ट्रको पारीरहेको छ । यसकारण समुदायहरुमा महिलाहरुलाई तथा अभिभावकहरुलाई लक्षित गरि ललितपुर जिल्लाको प्युटारमा वालविवाह लाई न्युनिकरण गर्नको लागी सचेतना मुकल कार्यक्रम सम्पन्न परित प्रतिवेदन तयार गरिएको छ ।

## परियोनाको औचित्य

ललितपुर जिल्ला महानगर जिल्ला भएर पनि यहाँका विभिन्न साविकका् गाविसहरु तथा हालको गाउँपालीका, नगरपालीकाहरुमा महिला तथा समुदायहरुमा वालवालिकाको उमेरमा नै वालविवाहरु भइरहेको हुनाले यो कार्यक्रम गर्न आवश्यक रहेको थियो । शिक्षाको चेतना स्तर कम रहेको छ । साथै परम्परागत सांस्कृतिक प्रचलनको कारण वालविवाह जारीछ । यसकारण समाज चेतना जगाउनको लागी यो कार्यक्रम आवश्यक रहेको थियो ।

## संचालन विधि

कार्यक्रममा विषयमा विज्ञद्धारा प्रशिक्षणात्मक रुपमा सचेतना कार्यक्रम संचालन गरिएको थियो । प्रशिक्षकको रुपमा श्री …………र श्री……………… रहनु भएको थियो ।

कार्यक्रममा मारकर,फोटोकपी, चार्ट पेपर प्रयोग गरिएको थियो । साथै प्रश्न उत्तर, छलफल, सामुहिक छलफल गरिएको थियो ।

**लाभान्वित संख्या**

प्रत्यक्ष रुपमा ६५ सहभागीहरु कार्यक्रममा सहभागी रहेको थियो । भने अप्रत्यक्ष रुपमा पनि उनीहरुले परिवार, नातागोतामाआदान प्रदान गरेर वालविवाहको बारेमा असर तथा असरको बारेमा चेतना भएको छ ।

**कार्यक्रमको उद्देश्य**

- वलवालिकाहरुलाई वालविवाहको बारेमा शिक्षा दिनु ।
- वालवालिकाहरुलाई आफ्नो भविष्यको बारेमा सचेत गराउने रहेको थियो ।

**लक्षित वर्ग**

ललितपुरको प्युटारका स्थानिय समुदायहरु वालवालिकाहरु जसमा सिमान्तकृत, दलित, भूकम्प पिडित तथा परम्परागत समुदायहरु रहेका थिए ।

**सुझावहरु**

- तालिम पश्चात व्यवसाय संचालन गर्न स
- अन्य गाउँहरुमा पनि ल्याउनस पर्ने
- स्रोत पनि व्यवस्था गर्नुपर्ने ।
- तालिम कम्तिमा ७ दिनको हुनुपर्ने ।
- तालिमका साथै लगानीको लागी पनि सहयोग गरेमा पेशा निश्चित रुपमा गर्न सकिने ।

**निष्कर्ष**

स्थानिय समुदायहरुलाई लक्षित गरि संचालन गरिएको कार्यक्रम समग्र रुपमा राम्रो भएको थियो । यस्तो कार्यक्रमहरुको अन्य गाउँहरुमा पनि आवश्यक रहेको आदान प्रदान रहेको हुनाले थप कार्यक्रमहरु गाउँहरुमा लानु पर्ने सुझाव आएको हुनाले यसलाई पहल गरिनेछ । साथै कार्यक्रम उपलब्धि मुलक रहेका निष्कर्ष रह्यो ।